**आर्थिक वर्ष २०८२/०८३**

**नीति तथा कार्यक्रम २०८२**

**के आई सिंह गाउँपालिका**

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०८२

सभामा पेश भएको मिति: २०८२।०३।१०

सभाबाट स्विकृत भएको मितिः २०८२।०३।१०

प्रस्तुत कर्ता: लोकेन्द्र बहादुर शाही (अध्यक्ष)

**गाउँ सभाका सदस्य ज्यूहरु,**

यस गरिमामय सभामा के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउदा मलाई गर्वको महशुस भएको छ । यस अवसरमा नेपाल राष्ट्रको रक्षा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवंम मुलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ती सशस्त्र संघर्ष एंवम आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने रहेको हुदाँ यस गाउँपालिकाले संविधानको मुल मर्म समन्वय सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै गाउँपालिका बासिहरुलाई केन्द्रमा राखी विभिन्न कार्यहरु गर्दै आईरहेको छ । समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ ।

**"सामाजिक समुन्नतीको आधारः आर्थिक वृद्धि र दिगो पूर्वाधार"** भन्ने मुल नाराका रुपमा रहेको गाउँपालिकाको दिर्घकालिन सोचलाई साकार तुल्याई सामाजिक आर्थिक रुपान्तरण र सुशासन प्रवर्द्धनका लागि यस गाउँपालिकाको समृद्धिको आधारका रुपमा रहेका कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र साना तथा मझौला उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्न हामी सबै दृढ संकल्पित छौं ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अब, म आर्थिक वर्ष २०८१/०८२ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना र भू- वर्गिकरण योजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ ।
२. आन्तरिक श्रोतको प्रमुख आधारका रुपमा रहेको नदिजन्य पदार्थ संकलनको (ढुङ्गा,गिट्टी, बालुबा) कार्य ठेक्का आह्वान गरी सम्पन्न गरिएको छ । जसबाट गाउँपालिकालाई रु १९,८९,६०५।५(भ्याट सहित) राजश्व प्राप्त भएको छ ।
३. स्थानीय सडकहरुको स्तरोन्ती कार्य गरिएको छ । गाउँपालिकाका सबै वडा कार्यालयहरु सडक सञ्जालमा जोडीएका छन ।
४. खानेपानी तथा सिचाई सुविधाको सुनिश्तित्ता गर्न वडा नं २ मा नारी दाडिमाटी लिफ्टिङ खानेपानी योजना र वडा नं ५ मा बोतडीसैन ब्रहमदेव बुहार लिफ्टिङ खानेपानी योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेका छन ।

५. यस गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउने अभियान अन्तर्गत सबै घरधुरीमा विधुत सेवा विस्तारका लागि नेपाल विधुत प्राधिकरण सँगको सहकार्यमा विधुत जडानको कार्य सञ्चालन भैरहेको छ ।

६. गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न भैसकेको छ ।

७. सामाजिक न्याय तथा समाबेशिता कायम गर्न तथा प्राबिधिक शिक्षामा लगानी गरी प्राबिधिक जनशक्ति उत्पादन गर्न झीमे माध्यमिक विद्यालयमा कृषि जे.टी.ए पढीरहेका विद्यार्थिहरुलाई प्रति विद्यार्थि १७ हजारका दरले प्रदान गरिदै आएको छात्रबृत्तिलाई निरन्तरता दिईएको छ ।

८. गाउँपालिकाको विशेषज्ञ चिकित्सकिय सेवा कार्यक्रम अन्तर्गत वडा नं ४ मा मुटु स्वास्थ्य शिविर मार्फत ६५० जनाको मुटुको परिक्षण र दुर्गामाण्डौ स्वास्थ्य चौकिमा आखा शिविर संचालन गरी १०६ जना पालिका बासीहरुको आखाको शल्यक्रिया गरिएको छ ।

९. के.आई.सिंह गाउँपालिकालाई पूर्ण तथा दिगो खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ ।

१०. संस्थागत विकास तथा सुशासन प्रबर्दन गर्न गाउँपालिकाको प्रत्येक वडा कार्यालयहरु र गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको छ ।

११. दुर्गामाण्डौ स्वास्थ्य चौकिमा भिडियो एक्सरे सेवाको सरुवात गरिएको छ ।

१२. दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत दलित समुदायका युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न सिपमूलक तालिमहरु र सामाग्रीहरु प्रदान गरी असल एवं जिल्लाकै नमुना कार्यक्रमलाई निरन्तरता दिईएकोछ ।

१३. रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो र भरपर्दो बनाउन गाउँपालिकाको साझेदारीमा बाह्यय निर्माण सामाग्रीहरुको प्रयोग गरी ७ वटा आयोजनाहरु सम्पन्न भई ७५ जना वेरोजगार व्यक्तिहरुले औषतमा १०० दिन बराबरको रोजगारी र ४० दिन बराबरको सिपमूलक तालिम प्राप्त गरेका छन ।

१४. महिलाहरुको कार्यबोझ कम गर्ने उद्धेश्यले वडा नं ७ कोटिगाउँ र वडा नं १ को डुम्रराकोटमा कुटानी पिसानी मिल स्थापना गरी संचालनमा ल्याईएको छ ।

१५. कृषकहरुको कार्यबोझ कम गर्न गाउँपालिकाद्धारा थ्रेसर खरिद गरी सेवा प्रदान गर्दै आईरहेको छ ।

१६. सार्वजनिक खरिदको कार्यलाई पारदर्शि र मितव्ययी बनाउन विद्युतिय बोलपत्र प्रणाली मार्फत खुल्ला प्रतिस्पर्धा गरी कार्यालयका लागि आवश्यक औजार र सामाग्रीहरुको आपूर्ति गरिएको छ ।

१७. कृषि पकेट क्षेत्रका रुपमा रहेको वडा नं ४ र ६ बाट करिब १४ लाख बराबरको तरकारी जिल्ला बाहिर निर्यात गरिएको छ ।

१८. पिलेकाडामा रहेको टुहुरा आवासिय विद्यालयलाई थप व्यवस्थित गरी संचालन गरिएको छ ।

१९. गाउँपालिका भित्रका नागरिकहरुको मृत्यु भएमा अन्तिम यात्रालाई सहज र निशुल्क बनाउन कार्यविधि बनाई लागु गरिएको छ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तर्जमा गर्दा मुलतः निम्म दस्तावेज तथा मार्गदर्शनलाई आधारको रुपमा लिईएको छ।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. नेपाल सरकारको आर्थिक वर्ष २०८२।०८३ को बजेट बक्तव्य
६. सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को बजेट बक्तव्य
७. दिगो विकासका लक्ष्यहरु
८. राष्ट्रिय योजना आयोगका विभिन्न योजनाहरु
९. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सबै अनुदान र मार्गदर्शनहरु
१०.के.आई.सिंह गाउँपालिकाको आन्तरिक श्रोत
११.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन

**गाउँसभाका सदस्य ज्युहरु**

**अब म के.आई.सिंह गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को विषयगत क्षेत्रसँग सम्बन्धित नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**१. आर्थिक विकास सम्बन्धी नीतिः**

**कृषिः**

१. खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न प्रमुख कृषिजन्य खाद्य बस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरि गाउँपालिकाको खाद्य सुरक्षाको प्रत्याभुत गर्दै समग्र पालिकाको खाद्य सुरक्षामा टेवा पुर्याइनेछ। कृषकहरुलाई कृषि उपज उत्पादन तर्फ प्रोत्साहित गर्दै, बालीको चक्लाबन्दि, कृषि व्यवसयिकरण र आधुनिकिकरण मार्फत प्रमुख कृषि बस्तुहरुको क्षेत्रफल र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ। यसका लागि सरोकारवालाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
२. कृषिजन्य उत्पादनका लागि आवश्यक उत्पादन सामाग्रिहरुको व्यवस्था मिलाई सोको उत्पादन, भण्डारण र बजारीकरणको अनुगमन र नियमन गरिनेछ।
३. तरकारी तथा फलफूल बालीका साना व्यवसायिक उत्पादन केन्द्र पकेट(संचालन गरि एक गाउँ एक उत्पादन लाई जोड दिईने छ।

४. बैदेशिक रोजगारी बाट फर्किएका युवाहरु तथा कृषि विषय पढेका प्राविधिकहरुलाई व्यवसायिक खेती गर्नका लागि बीउ तथा आवस्यक उपकरणहरुमा अनुदानको व्यवस्था  गरिनेछ ।

५. जलबायु परिवर्तन र प्रकोपबाट नकारात्मक असर न्यूनिकरण गर्दै जलवायु अनुकुलन तथा उत्थानशिल प्राङ्गारिक कृषि प्रविधिको विस्तार र विकास गरिनेछ ।

६. व्यवसायिक बालीलाई प्राथमिकतामा राखी तिनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न उन्नत बीउ, प्राङ्गारिक मल तथा  सिंचाइ सुविधा विस्तारमा अनुदान दिइनेछ । बाँझो जमिन व्यवसायिक खेती गर्ने कृषक,कृषक समूह, कृषि सहकारीलाई विशेष प्राथमिकतामा राखि आवश्यक व्यवस्थापन गरी सघन रुपमा उत्पादन वृद्धि गरिनेछ ।

७. तरकारी, आलु, सुन्तलाजात फलफुल, आँप, लीचि, ओखर, किवी उत्पादनलाई उच्च प्राथमिकता दिइनेछ । बृहत रुपमा फलफूल खेति गर्न तथा बगैंचा स्थापना गर्न, बेर्ना र बिरुवा स्याहारमा अनुदान कार्यक्रम संचालन गरिनेछ । सुन्तलाजात फलफूलमा ह्रास रोग नियन्त्रण तथा बगैंचा पुनर्स्थापनका लागि अभियानका रुपमा कार्यक्रम संचालन गरिनेछ ।

८. व्यवसायिक तरकारी खेती गर्न चाहने कृषकहरुलाई अनुदानमा प्राथमिकता दिईनेछ ।

९. कृषि उपजहरुको उत्पादन बृद्धि गर्न कृषि यान्त्रिकरण, साना सिंचाइ,  प्लाष्टिक पोखरी लगायतमा अनुदान प्रदान गरिनेछ साथै कृषि उपज उत्पादन भण्डारणका लागि चिस्यानयुक्त संरचना निर्माण गरी संचालनका लागि आवश्यक पहल गरिनेछ ।

१०.मानव स्वास्थ्यलाई मध्यनजर गर्दै अर्गानिक खेती लाई प्राथमिकतामा राखि उत्पादन कार्यमा जोड दिईनेछ ।

११.स्थानीय सम्भावनाको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक र व्यवसायिक क्षमताको विकास गरि उत्पादन र बजारिकरणलाई नाफामूलक बनाईनेछ ।

१२.प्राकृतिक विपती तथा प्रकोपले कृषि व्यवसायमा पर्न जाने क्षतिको व्यवस्थापन गर्न हरेक व्यवसायिक कृषकहरुलाई बाली बिमा प्रिमियममा शत प्रतिशत अनुदान दिईनेछ ।

१३. बिउ बिजन,माटो परिक्षण,बाली संरक्षणका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ ।

१४.पौष्टिक महत्वका लोपोन्मुख रैथाने बाली संरक्षणका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ ।

१५.व्यवसायिक तथा भौगगोलिक क्षेत्रको आधारमा गुणस्तरीय कृषिजन्य उत्पादन,संकलन, ढुवानी तथा बजारीकरण सहयोगका कार्यक्रम संचालनमा ल्याईनेछन ।

१६.कृषिजन्य व्यवसायको लागि आवस्यक पर्ने उपकरणहरु थ्रेसर,मिनिटिलर आदि अनुदानमा उपलब्ध गराई संचालनमा ल्याईनेछ ।

१७.प्राङगारिक खेती प्रविधिद्धारा उत्पादित कृषि वस्तुको गुणस्तर प्रमाणिकरण गराई कृषि व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

**पशुपन्छीः**

१८.पोषण सुरक्षा सुनिश्चितता कायम गर्न पशुपंक्षीजन्य वस्तु उत्पादन तथा उत्पादकत्व बृद्धि गरि खाद्य सुरक्षामा टेवा पुर्याईनेछ। मासु र दुग्ध उत्पादनलाई प्रोत्साहन गर्दै व्यवसायिक पशुपंक्षी पालनमा विशेष जोड दिईनेछ। व्यवसायिक पशुपंक्षी पालन गर्ने कृषकहरुलाई खोर सुधारमा अनुदानको व्यवस्था गरिनेछ।

१९.रैथाने कुखुरापालन, व्यवसायिक बाख्रा पालन,बंगुरपालन तथा घाँस खेति कार्यक्रम संचालन गरिनेछ।

२०.पशुपंक्षीको उत्पादन र उत्पादकत्वको दिगो विकास गर्न नश्ल सुधारका कार्यक्रम संचालन गरिनेछ।

२१.उच्च मूल्यमा जाने पशुपंक्षी (कालिज,टर्कि,बदेल) पालनलाई प्रोत्साहन गरिनेछ र उक्त कार्यक्रमका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

२२.पशुपंक्षीमा कृतिम गर्भाधान कार्यक्रमलाई प्रोत्साहन गरि संचालनमा ल्याईनेछ। पशुधन संरक्षणका लागि पशु बिमा कार्यक्रम प्रवर्द्धन गरिनेछ।

२३.पशुपंक्षी तथा मत्स्य महामारी व्यवस्थापन गर्न विशेषज्ञहरु तथा सरोकारवालाहरु संग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ।

२४.पशुपंक्षीहरुलाई आबश्यक पर्ने खोपहरुको समयमै व्यवस्थापन गरि कार्यन्वयनमा ल्याईनेछ।

२५.पशुपंक्षीजन्य उत्पादन,प्रशोधन,भण्डारण र वितरणमा असल अभ्यासका मापदण्ड तयार गरी लागु गरिनेछ।

**सहकारीः**

२६.**गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु र दर्ता हुन आउने संस्थाहरुको संचालन,नविकरण,नियमन र खारेजी गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२७.दशैँ तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा उपलब्ध गराउँदै आएको नुन, चिनी वितरणलाई अझै व्यवस्थित गर्दै निरन्तरता दिईनेछ।

२८.सहकारीमा संलग्न सरोकारबालाहरुको पहुँच अभिवृद्धीका लागि सहकारी र निजी क्षेत्र सँगको सहकार्यमा कृषि बिउबिजन,रसायनिक मल लगायतका कृषिसँग सम्बन्धित साम्राागीहरु वितरण गर्न आवश्यक समन्वय गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**उद्योगः**

२९. गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ। स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी अल्लो, ढाका, बास, निगालो, तथा कपास जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिईनेछ।

३०.यस गाउँपालिका भित्र रहेका मझौला, घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी तिनको संरक्षण र सम्बर्द्धनमा जोड दिईनेछ।

**रोजगार प्रवर्द्धनः**

३१.राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई सिपयुक्त दक्ष जनशक्ती, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रम सँग आवद्व गरी यथार्थ उत्पादनमुलक रोगजारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

३२.युवा लक्षित स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३३.श्रमको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन गरी रोजगारीको खोजीमा रहेका युवाहरु र रोजगारदाताहरुलाई  श्रम संसार पोर्टलमा समावेश गराउने यस गाउँपालिकाको नीति हुनेछ ।

३४.रोजगारमुलक सेवाको बारेमा जानकारी गराउन विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरुलाई विभिन्न किसिमका सिप विकास तालिम र करियर परामर्शबारे अभिमुखीकरण गरिनेछ ।

३५.सुरक्षित आप्रवासन कार्यक्रमसंगको सहकार्यमा पालिकामा एक जना मनोपरामर्शकर्ता नियुक्ति गरी मनोपरामर्श सम्बन्धी सेवा संचालन गरिनेछ ।

३६.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपयुक्त दक्ष जनशक्ती,रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रम सँग आवद्व गरी यथार्थ उत्पादनमुलक रोगजारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।

३७.युवा लक्षित स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३८.वैदेशिक  रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।

**गरिबी न्युनीकरणः**

३९.सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता  आधारभुत आवश्कताहरु र आयआर्जनको सुनिश्चित्ता गर्न  **दलितसँग अध्यक्ष कार्यक्रम** लाई निरन्तरता दिइएको छ । दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत लोकसेवा/ शिक्षक सेवाका तयारी कक्षा संचालन र आयआर्जन मूलक सिप विकास कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

४०.आदिवासी जनजाति, अल्पसंख्यक, विपन्न परिवार, फरक पहिचान र क्षमता भएका व्यक्ति वा समुदायको उत्थानका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

४१.यस के.आई.सिंह गाउँपालिका भित्र रहेका भूमिहिन दलित,भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासीहरुको लगत तथा तथ्याङ्क संकलन गरी तिनको व्यवस्थापनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।

**पर्यटनः**

४२.पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरु वासुदेवी केदार, मालिका मन्दिर र मष्टा माणुमा पूर्वाधार निर्माण गरी पर्यटकिय क्षेत्र विकासका रुपमा अगाडी बढाईनेछ ।

४३. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र सामाग्री संकलन गरि के.आई.सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याईने छ ।

४४. के.आई.सिंह गाउँपालिकाका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरु छत्रेश्वर-पिलेकाँडा-ओझाखर्क-गणेश काँडा-के.आई.सिंह संग्रहालय जोड्ने  पदमार्ग, छत्रेश्वर पिकनिक स्थलमा वि. पि. बाटिका र ढडेलमाण्डौ ईको पार्क निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४५. के.आई.सिहं गाउँपालिका, दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिकासँगको समन्वयमा सेती नदिमा रयाफटीङ्गका लागि सम्भाव्यता अध्ययन गरि रयाफटिङ्ग सेवा संचालनका लागि आवश्यक समन्वय गरिनेछ ।

४६. आन्तरिक एवंम बाह्य पर्यटन प्रवर्द्धनका लागि वडा नं १ गणेशकाँडामा होमस्टे संचालन तथा व्यवस्थापन गर्नका लागि स्थानीयहरुलाई अवलोकन भ्रमण तथा तालिम संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**राजश्वः**

४७. गाउँपालिकाको राजश्व संकलनको क्षेत्रहरु पहिचान गरी राजश्व अभिवृद्धि गर्न राजश्व सुधार योजना निर्माण गरी लागु गरिनेछ ।

४८. कुनैपनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारी एवंम योजनाबाट लाभाम्वित उपभोक्ताहरुलाई आफुले व्यक्तिगत रुपमा बुझाउनुपर्ने सम्पति कर,व्यवसाय कर र घर जग्गा बहाल कर लागायत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि तिर्न प्रोत्साहान गरिनेछ ।

४९. अपाङ्ग, असहाय, अशक्त, दैविक प्रकोप पिडीत, द्वन्द्व पिडित, जेष्ठ नागरिक र एकल महिलाका विषयमा हुने सिफारिसहरु निशुल्क गरिनेछ ।

५०. राजश्व वृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधारमा वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईएकोछ ।

५१. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा स्थापना भएका सम्पूर्ण उद्योग तथा व्यावसायहरुलाई दर्ता गरि करको दायरामा ल्याईने छ ।

५२. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिनेछ । साथै वडा कार्यालयहरु बाट संकलन भैरहेको भुमिकर अर्थात मालपोत संकलन कार्यलाई थप व्यवस्थित गरिदै लगिनेछ ।

५३. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**न्यायीक समिति एवंम न्याय सम्पादनः**

५४. मेलमिलाप केन्द्रलाई थप प्रभावकारी तथा व्यपस्थापन गरी अगाडी बढाईनेछ ।

५५. न्यायीक समिति मार्फत समाधान गर्न सकिने कानूनमा व्यवस्था भए बमोजिमका स्थानीय विवादका विषयहरु निरुपण गर्न गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताहरुको माध्यमबाट मेलमिलाप गर्न प्रोत्साहित गरिनेछ ।

५६. न्यायिक इजलासलाई व्यवस्थित गर्न एक कर्मचारी सहितको न्यायिक इजलास कक्ष गठन गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

५७.न्यायिक समितिको संस्थागत सुदृढीकरण र न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा जनशक्तिको क्षमता विकासको लागि आवश्यक नीतिको प्रबन्ध र पुर्नताजगि तालिमको सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५८.न्यायीक समितिको कामकारवाहीलाई प्रभावकारी बनाउन न्यायीक समितिको अध्ययन भ्रमणको व्यवस्था गरिनेछ ।

५९.प्राकृतिक श्रोत द्धन्द रुपान्तरण केन्द्र नेपाल सँगको सहकार्यमा बहुसरोकारवालाहरु सँग द्धन्द रुपान्तरण अभियानको थालनी गरिनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीतिः

**शिक्षाः**

६०.प्रविधिसँग विद्यार्थी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ। विषेशतः कृषि प्राविधिक धारका विद्यार्थिहरुका लागि सिक्दै,गर्दै र कमाउदै कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

६१.विद्यार्थीसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६२.कक्षा ५ र कक्षा ८ को परीक्षा पालिका स्तरबाट सञ्चालन गरिनेछ।

६३.सामुदायिक विद्यालयहरुमा कक्षा १-५ मा विद्यार्थी संख्या र कक्षा ६-१२ मा विषयगत आधारमा पालिका स्रोतबाट दरबन्दी सिर्जना गरिनेछ।

६४.विद्यालय नक्शाङ्कन, एकीकरण र समायोजनको काम अगाडि बढाइनेछ।

६५.शिक्षक दरबन्दी पुनरावलोकन तथा शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयमा ल्याइनेछ।

६६.बालविकास शिक्षकहरुको समेत दरबन्दी मिलान गरिनेछ। सिकाइ सामग्रीको दृष्टिले बालविकास केन्द्रहरु सम्पन्न बनाइनेछ।

६७.सिर्जनाको स्रोत कक्षाकोठा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६८.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ ।

६९.शिक्षक मेन्टरिङमा तथा शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

७०.संस्थागत विद्यालयहरुलाई समेत नियमनको नीति अवलम्बन गरिनेछ।

७१.टुहुरा आवाशीय विद्यालय कार्यक्रमको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि उपयुक्त माध्यमिक विद्यालयमा स्थानान्तरण गरी टुहुरा बालबालिकाहरुको माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गरिनेछ। साथै सरकारी गैरसकारी संघसंस्थाहरुसँग समन्वय गरी सहकार्य तथा सहयोग जुटाइनेछ।

७२.मगरखाम भाषा संरक्षण गर्न स्थानीय मातृभाषा संरक्षण कार्यक्रममा निरन्तरता दिइनेछ। जसका लागि सम्बन्धित समुदायको विद्यालयमा उक्त भाषा शिक्षण गर्ने शिक्षकको व्यवस्थापन गरिनेछ।

७३.शिक्षकको सम्मान र पेसागत हौसलाका लागि गुरुदक्षिणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७४.स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण तथा प्रकाशन गरी कार्यान्वयनमा ल्याइनेछ।

७५.पालिकाको शैक्षिक स्तरोन्नतिको लागि सरोकारवाला सबै पक्षको सहकार्यलाई जोड दिइनेछ।

७६.विद्यार्थी प्रतिभा पहिचानका लागि विद्यालयमा आधारित अतिरिक्त कार्यकलाप सञ्चालन गरिनेछ।

७७.विद्यार्थी नियमितता तथा सिकाइ अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

७८.पढाइमेला कार्यक्रमलाई शैक्षिक मेला कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ।

७९.पालिकाभित्रै उच्चशिक्षा अध्ययनको व्यवस्थाका लागि पहल गरिनेछ।

८०.विज्ञान तथा प्राविधिक शिक्षा आर्जन गर्दै गरेका तथा के आई सिंह गाउँपालिका स्थायी ठेगाना भएका विद्यार्थीहरुका लागि के आई सिंह छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८१.यस गाउँपालिका भित्र रहेको कृषि तर्फको पढाई हुने झिमे मालिका माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुको मनोबल उच्च राख्न प्रविधिसँग विद्यार्थि कार्यक्रम अन्तर्गत सबै विद्यार्थीहरुलाई प्राविधिक शिक्षा पढन लाग्ने शुल्क मध्ये एकमुष्ट पढाई अवधीभर रु १७ हजार छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८२.गाउँपालिका अन्तर्गतका ८-१२ कक्षा संचालन भएका सबै विद्यालयहरु सँग २ वटा योजना माग गरिनेछ जसमा विद्यालयका विद्यार्थि र शिक्षकहरुले हरेक शुक्रबार श्रमदान कार्यमा सहभागी हुनुपर्नेछ । त्यस्ता योजनाहरुका लागि आवश्यक निर्माण सामाग्रीहरु उपलब्ध गराउन पालिकाले आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य:**

८३.७० वर्ष माथीका जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका व्यक्ति र गर्भवती हुन नसकी स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा दिईदै आएको छुटलाई निरन्तरता दिईएको छ । त्यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८४.मानसिक स्वास्थ्य, नसर्ने रोग तथा बुढ्यौली स्वास्थ्य प्रवर्द्धनको नीति अपनाईनेछ ।

८५.स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड,बर्थिङ सेन्टरको स्तरोन्नती तथा विस्तार गरिनेछ ।

८६.किशोरकिशोरी स्वास्थ्य तथा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

८७.प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तर वृद्धि गरिनेछ । त्यसका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

८८.के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । स्वास्थ्य बिमा सचेतना तथा सम्पूर्ण पदाधिकारी र कर्मचारीहरुलाई अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

८९."म स्वस्थ मेरो पालिका स्वस्थ" भन्ने नारालाई सार्थकता तुल्याउन के.आई.सिंह गाउँपालिकाका जनताहरुलाई सहज र समान स्वास्थ्य सेवाको पहुँचको लागि चिकित्सकिय स्वास्थ्य घुम्ती शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि विषेशज्ञ सहितको एकिकृत चिकित्सकीय स्वास्थ्य सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९०.के.आई.सिंह गाउँपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिकाहरुले पाउनुपर्ने राष्ट्रिय खोप तालिका अनुसारको खोप पाएको सुनिश्चितता गरि पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना तथा प्रमाणिकरण गरिने निति लिईने छ ।

९१. घरमा सुत्केरी हुने दरलाई शुन्य गर्दै संस्थागत सुत्केरी हुने दरलाई शत प्रतिशत पुर्याउने लक्ष लिईनेछ जसले गर्दा नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन टेवा पुग्नेछ । त्यसका लागि महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९२.प्रजनन स्वास्थ्य सेवालाई थप गुणस्तरिय र पहुँचयोग्य बनाई सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ ।

९३.स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ ।

९४.गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन निशुल्क ल्याब परिक्षण र ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९५.पोषणमैत्री स्वास्थ्य सेवा तथा स्थानीय खाद्यवस्तुको प्रवर्द्धन गरी कुपोषण रहित समाज निर्माणको नीति अबलम्बन गरिनेछ ।

**पोषणः**

९६.नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरिनेछ ।

९७.पोषणमैत्री स्थानीय शासनको नीति अवलम्वन गर्दै गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**आयुर्वेदः**

९८.यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी एवंम सुदृढिकरण गर्दै लगिनेछ । नागरिक आरोग्य सेवा केन्द्रमा नागरिकको पहुँच अभिवृद्धि गर्दै योग शिक्षा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

९९.माध्यमिक विद्यालयहरुमा योगा अभ्यास कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

१००. आयुर्वेदिक सेवालाई प्रभावकारी बनाउन गाउँघरका बुद्धिजिवि, बैद्य, वन तथा वातावरण सँग सम्बन्धित विज्ञ व्यक्तिहरु सँग समन्वय र छलफल गर्ने नीति अवलम्बन गरिनेछ ।

**संस्कृति प्रवर्द्धनः**

१०१. के.आई.सिंह संग्रहालयमा प्रदर्शनका लागि राखिने साँस्कृतिक,ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज,अनुसन्धानका लागि खोज,अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१०२. के.आई.सिंह गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

१०३. के.आई.सिंह गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरणः**

१०४. दलित समुदायबाट स्नातकोत्तर पढिरहेका छोरी बुहारीलाई प्रोत्साहन गर्न छात्रवृतिको व्यवस्था गरिनेछ ।

१०५. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

१०६. महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि **महिलासँग उपाध्यक्ष** कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।

१०७. मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा दिईदै आएको सहुलियतलाई निरन्तरता दिईनेछ ।

१०८. ५० वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई मासिक रु १०००का दरले प्रदान गरिदै आएको जिवन निर्वाह भत्तालाई निरन्तरता दिईएकोछ ।

१०९. सामाजिक विकृतिका रुपमा रहेको छोराछोरी विचको विभेद, छाउपडि प्रथा जस्ता रुढीवादी परम्परा न्युनिकरणका लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

११०. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

१११. महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । बालश्रम शोषण, बहुविवाह र बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

११२. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य सशक्तिकरण, क्षमता विकास र आयआर्जन मूलक कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११३. अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यिवन गरिनेछ ।

११४. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी घटनाहरु बढिरहेको र यसले समाजमा पारेको नकारात्मक असरलाई न्युनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचानल गरिनेछ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीतिः**

११५. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

११६. सरकारी तथा गैर सरकारी संस्थाहरुले गाउँपालिकामा संचालन गर्ने वार्षिक कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने नीति अबलम्वन गरिनेछ ।

**खेलकूद तथा मनोरञ्जनः**

११७. के.आई.सिंह गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागी वार्षिक रुपमा संचालन गरिदै आएको के.आई.सिंह गेम्स (K.I. Singh Games) लाई निरन्तरता दिईनेछ ।

११८. के आई सिंह गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

११९. गाउँपालिका खेलकुद विकास समिति र के आई सिंह गाउँपालिकाको लोगो सहित जर्सी तयार गरी खेलाडी तथा अफिसियललाई उपलब्ध गराई पालिकाको प्रतिनिधित्वलाई एकरुपता प्रदान गरिनेछ।

१२०. क्रिकेट, भलिबल र कराँते तथा तेक्वान्दो लगायतका खेलका प्रशिक्षक तथा रेफ्रीको रोष्टर तयार गरिनेछ।

१२१. वडालाई सचिवालय तोकी वडा खेलकुद विकास समितिलाई दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ।

१२२. विभिन्न विधाका खेलाडीको विवरण सङकलन गरी सुचिकृत गरिनेछ।

१२३. खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै खेलाडी बीमा, प्रोत्साहन, सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२४. गाउँपालिकाको सम्पूर्ण माध्यमिक विद्यालयहरुमा खेलाडीको पहिचान गर्न र खेल क्रियाकलाप सञ्चालन गराउनका लागि खेल प्रशिक्षकको व्यवस्था गरिनेछ।

१२५. जिल्लास्तर, प्रदेशस्तरका खेलहरुमा गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गराइनेछ।

१२६. खेलाडीलाई प्रशिक्षण कार्यक्रममा सहभागिता जनाउनका लागि सहायत प्रदान गरिनेछ।

१२७. वडा स्तरीय भलिबल, राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप भलिबल प्रतियोगिता, क्रिकेट प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२८. के.आई. सिंह गाउँपालिकाको खेल क्षेत्रको विकासका लागि पालिका स्तरीय र जिल्ला स्तरीय खेलकुदका कार्यक्रमहरु आयोजना गर्न सकिने गरी वडा नं २,४,५ र ७ मा गुणस्तरी खेलमैदान निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

## ३. पूर्वाधार विकास सम्बन्धी नीतिः

१२९. **"घरघरबाट बढाउ हात- श्रमदानमा गरौ साथ"** भन्ने मूल नाराका साथ के.आई.सिंह गाउँपालिकाले सुरु गरेको श्रमदान अभियानलाई महाअधियानका रुपमा संचालन गरिनेछ। गाउँपालिका भित्रका मुख्य मुख्य योजनाहरु छनौट गरी अति आवश्यक निर्माण सामाग्रीहरुका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१३०. मुरेडा-अल्लेवन-लोली-घाटलाय हुदै नारीदाङ जोडने सडकलाई गाउँपालिकाको गौरबको आयोजनाका रुपमा अगाडी बढाईनेछ। गाउँपालिका भित्र रहेका अन्य ग्रामिण सडकहरुको स्तरोन्नती गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१३१. खानेपानीमा नागरिकको पहुँच सुनिश्चित गर्न गाउँपालिकाले गौरबको योजनाका रुपमा अगाडी बढाएको वडा नं ४,५,६ र ७ मा निर्माण हुने गाउँपालिका स्तरीय बृहत खानेपानी योजनाको सुरुवात गरिनेछ साथै अन्य वडाहरुमा रहेका खानेपानी संरचनाहरुको स्तरोन्ती गर्दै लगिनेछ। यसका लागि नेपाल सरकार र प्रदेश सरकार सँग आवश्यक सहकार्य गरिनेछ।

१३२. गाउँपालिकामा हुने भौतिक पूर्वाधार निर्माणमा स्थानीय सामाग्रीको प्रयोगलाई जोड दिने नीति अवलम्बन गरिनेछ।

१३३. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३४. के.आई.सिंह गाउँपालिका भित्र रहेका निर्मित सार्वजनिक सम्पतिहरुको संरक्षण एवम सम्बर्द्धनका लागि संचालन गरिएको मर्मत सम्भार कोषलाई निरन्तरता दिईनेछ ।

१३५. चालु आ.ब. २०८१।०८२ मा सम्पन्न हुन नसकेका र क्रमागत योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ ।

१३६. नेपाल विद्युत प्राधिकरण सँगको समन्वय र सहकार्यमा के.आई.सिहं गाउँपालिका भित्रका सबै घरधुरीहरुलाई सत प्रतिशत विधुतिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३७. गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाहरुको दिगोपनाको सुनिश्चित्ता गरी वातावरणमैत्री,अपाङ्गमैत्री र बालबालिकामैत्री संरचनाहरुको निर्माण गरिनेछ ।

१३८. सबै वडाहरुको प्रशासनीक कामकाज आफ्नै वडा भवनबाट संचालन गर्नका लागि वडा नं ६ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति र भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

**सूचना तथा संचार प्रविधिः**

१३९. नागरिकहरुमा सूचनाको पहुँच विस्तार गर्न गाउँपालिकाका हरेक क्रियाकलापहरुलाई वेबसाईट एवंम सामाजिक संञ्जाल मार्फत सार्वजनिकिकरण गरिनुका साथै गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु सूचना प्रविधिमैत्रि बनाउदै लगिनेछ ।

१४०. डिजिटल के.आई.सिंह गाउँपालिकाको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा जडान गरिएको इन्टरनेट सेवाको दिगोपनालाई प्राथमिकतामा राखिनेछ ।

१४१. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ ।

१४२. डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोगमा जोड दिई गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।

१४३. डोटि जिल्ला भित्रका स्थानीय संचार माध्यमहरुको समता मुलक एवंम संस्थागत विकासका लागि स्थानीय संचार माध्यम प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**खानेपानी व्यवस्थापनः**

१४४. गाउँपालिका भरी स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न ***एक घर, एक धारा*** को नीतिलाई निरन्तरता दिईनेछ ।

१४५. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकतामा राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ ।

१४६. ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४७. गाउँपालिका भित्र रहेको खानेपानी समस्यालाई समाधान गर्न सरोकारबालाहरुको साझेदारीमा खानेपानी पूर्वाधार निर्माणका लागि आवश्यक कार्यक्रमहरु तर्जमा गरिनेछ ।

१४८. गाउँपालिकामा निर्माण भइ सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय सरोकारबालाहरुको सहभागीता वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । साथै नयाँ पानिका मूलहरुको पहिचान गरी खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरीहरु निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४९. गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ ।

**सार्वजनीक, सहकारी निजी साझेदारीः**

१५०. के.आई.सिंह गाउँपालिकाले आ.व. २०८२/०८३ मा विभिन्न विषय ,क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

१५१. यस गाउँपालिका भित्र स्थापना भई संचालनमा रहेका बैंक, लघु वित्त तथा सहकारी संस्थाहरु सँग आवश्यक समन्वय गरि आफ्नो लाभबाट प्राप्त रकमको केहि अंश तथा कर्जा प्रवाहलाई कृषि, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक क्षेत्रमा प्रवाह गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

**भवन तथा भवन संहिताः**

१५२. के.आई.सिंह गाउँपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन - २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

**भू – उपयोगः**

१५३. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ ।

१५४. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ ।

१५५. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनावद्ध एवं दिगो शहरीकरण सुनिश्चित गरिनेछ ।

१५६. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ ।

## ४. वन,वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः

**वन वातावरणः**

१५७. वन क्षेत्रको संरक्षणका लागि सामुदायीक बन उपभोक्ता समितिहरु र स्थानीय सरोकारवालाहरु सँगको सहकार्यलाई प्राथमिकतामा राखि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ।

१५८. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि बासुदेवी सम्म निर्माणसम्पन्न भएको सडकमा दाँयाबाँया विरुवाहरु रोप्न **हरित सडकको अवधारणालाई** निरन्तरता दिईनेछ। यसका लागि सम्वन्धित क्षेत्रमा पर्ने सामुदायीक वनहरुको सहयोग र परिचालनमा जोड दिईनेछ।

१५९. के.आई.सिंह गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

१६०. वन संरक्षण कार्यक्रमलाई उत्पादन र आय आर्जन सँग जोडि रिठ्ठा, आपँ, निगालो,बास जस्ता वन पैदावरहरु संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६१. वन पैदावरमा आधारित उद्योग स्थापना गर्न चाहने युवा व्यवसायी वा नयाँ उद्यमीलाई प्रोत्साहान गर्न गाउँपालिकाबाट अनुदानको व्यवस्था गरिनेछ।

१६२. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ।

१६३. जडीबुटीको व्यवसायीक खेतिको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधियुक्त जडीबुटीहरुको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ।

१६४. वातावरण संरक्षणको लागि वैकल्पीक उर्जा (वायो ग्यास,सुधारिएको चुलो,सौर्य उर्जा र विधुतिय चुलो) जडानलाई प्रोत्साहान गर्ने नीति ल्याईनेछ।

१६५. वातावरण प्रदुषण न्युनिकरणका लागि विषेश कार्यक्रमहरु तजुमा गरी लागु गरिनेछ। धुवाँ रहित गाउँपालिकाको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१६६. के.आई.सिंह गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**जलाधार संरक्षणः**

१६७. जनताको खानेपानीमा पहुँच सुनिश्चित गर्न स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ। एक टोल एक पोखरीको अवधारणालाई निरन्तरता दिईनेछ।

१६८. पानीका मुहान वरिपरी वृक्षारोपण र सरसफाई अभियान संचालन गरिनेछ। यसका लागि लाभग्राहि सँगको सहकार्यमा गाउँपालिकाले आवश्यक कार्यक्रमहरु तर्जमा गर्नेछ।

१६९. गाउँपालिका तथा अन्य वडा कार्यालयमा विगत आर्थिक वर्षहरुमा संघ प्रदेश तथा स्थानीय तहको आर्थिक सहयोग र लगानीमा निर्माण भएका खानेपानी योजनाहरुको मर्मत संम्भारको लागि बनेको मर्मत संम्भार कोषलाई निरन्तरता दिईनेछ।

**विपद् व्यवस्थापनः**

१७०. गाउँपालिकाले तयार गरेको स्थानीय उत्थानशिल योजनालाई क्रमिक रुपमा लागु गर्दै लगिनेछ।

१७१. दैविक प्रकोपबाट प्रभावित गरिब,सुकुम्बासी असहाय व्यक्ति र समूहहरुको पहिचान गरी राहत र उद्धारका कार्यहरु संचालन गरिनेछ।

१७२. विपद् व्यवस्थापन तथा राहात कोषको रकम वृद्धी गरिनेछ।

१७३. विपदबाट हुने घटनाहरुमा उद्धार कार्य गर्न,क्षतिको संकलन गर्न, राहात वितरण र पूनः स्थापनका लागि गाउँपालिका स्तरिय तथा वडा स्तरिय दुर्त उद्धार समिति (Rapid Rescue Team) को परिचालनलाई थप व्यवस्थित बनाईनेछ।

१७४. प्राकृतिक तथा मानव सृजित विपद तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपद उत्थानसिलता तथा विपद् अनुकुलनका कार्यक्रमहरु संचालन गरि के आई सिंह बासि र यस क्षेत्रका ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्वका सम्पदा तथा पूर्वाधारको संरक्षण तथा सम्बर्दन गरिनेछ।

१७५. विपद् पूर्व तयारी, खोज तथा उद्धार गर्न राहत सामाग्रीको पूर्व भण्डारण र वितरणकामा एकरुपता ल्याईनेछ। उक्त कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ।

१७६. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको परिचालन र स्थानान्तरण गर्न पहल गरिनेछ।

## ५. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिः

### मानव संशाधन विकासः

१७७. उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न उपयोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण गर्न नियमित अनुगमन गरिनेछ साथै पालिका भित्र रहेका सम्पूर्ण संघ संस्थाहरुको आवश्यकता अनुसार अनुगमनलाई नियमित गरिनेछ।

१७८. कर्मचारी कल्याणकारी कोषको व्यवस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ।

१७९. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछयौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ।

१८०. विद्युतीय 'शासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालनको कार्यलाई अवलम्बन गरिनेछ।

१८१. गाउँपालिका तथा वडा समितिबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टेवयरको व्यवस्था गरी प्रविधि मैत्री बनाईनेछ।

१८२. गाउँपालिकाको एकिकृत तथ्याँक संकलन गरी विकास योजना तथा सेवाहरुलाई प्रभावकारी बनाउन गाउँपालिकाले निर्माण गरेको प्रोफाईललाई अद्यावधिक गरिनेछ।

### फोहोरमैला व्यवस्थापनः

१८३. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको उत्पत्ति हुने स्थानमा कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरि फोहोरमैला पुनः प्रयोग, पुनः चक्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८४.	गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ।

१८५.	गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तै: बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ।

१८६.	गाउँपालिकाका मूख्य मूख्य बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि डस्टपिनको व्यवस्थापन गरिनेछ साथै ति स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईडको स्थापना गर्न आवश्यक जग्गा प्राप्ति गर्न पहल गरिनेछ।

**वित्तीय व्यवस्थापन र सुशासनः**

१८७.	पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ। साथै गाउँपालिका र वडा कार्यालयबाट खरिद गरिने मसलन्द तथा कार्यालय सामग्री, औषधी एवंम उपकरणहरु खरिदमा ई -बिड खरिद प्रणालिको अवलम्बन गरिने छ।

१८८.	संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा बिशेष अनुदान र सशर्त अनुदानको पुँजिगत खर्च शिर्षकमा प्राप्त रकमको भाद्र महिना सम्म ठेक्का प्रक्रिया प्रारम्भ गरिने नीति अवलम्बन गरिनेछ।

१८९.	करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणः**

१९०.	के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराईनेछ।

१९१.	सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

१९२.	यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक, त्रैमासिक,अर्धवार्षिक र वार्षिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ।

१९३.	गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई अझै प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

१९४.	आगामी आर्थिक वर्षमा गाउँपालिका भित्रका सबै वडाहरुमा टोल विकास समिति गठन एवंम परिचालन गरिनेछ।

**गाउँसभा सदस्य ज्युहरु**

**अन्तमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु,प्रमुख प्रशासकीय अधिकृत,यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा सम्रग कर्मचारीहरु,विभिन्न राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु एवंम सम्पूर्ण सरोकारबालाहरुले दिनु भएको सुझावलाई पनि समावेश गर्ने प्रयास गरेको छु ।

नीति तथा कार्यक्रम र बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरु,शिक्षक,समाजसेवी,बुद्धिजिवी,पत्रकार,राजनीतिक दलका प्रमुख एवंम प्रनितिधिहरु,यस गाउँपालिकामा अहोरात्र खटिई गाउँ सभालाई सफल पार्नुहुने कर्मचारीहरु,सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सम्पूर्ण आमाबुबा,दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने आम नागरिक विकास साझेदार र अन्य सरकारी गैर सरकारी संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण अपेक्षा लिएको छु ।